नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस, २०८२ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशबासी एवम् सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। वि.सं. २००७ सालमा भएको निरंकुश जहानियाँ राणा शासन विरुद्धको बलिदानीपूर्ण संघर्षबाट मुलुकमा प्रजातन्त्र स्थापना भएको ऐतिहासिक दिनको सम्झना र सम्मान स्वरूप प्रत्येक वर्ष फागुन ७ गतेका दिन हामी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउँदै आइरहेका छौं।

यस ऐतिहासिक दिनको सम्झनाको अवसरमा मुलुकमा लोकतन्त्रको स्थापनाका लागि भएका विभिन्न संघर्षका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् सहिदहरू तथा सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, प्रजातन्त्रको स्थापना तथा संवृद्धि र विकासका लागि विभिन्न कालखण्डमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रजहरू, घाइतेहरू तथा अपाङ्ग तथा बेपत्ता पारिएका व्यक्तिहरूप्रति सम्मान प्रकट गर्दछु।

मुलुकमा शान्ति, स्थिरता, विकास र समृद्धिका लागि लोकतन्त्र अपरिहार्य हुन्छ। मुलुकको आधुनिकीकरण, राजनीतिक प्रणालीको लोकतान्त्रिकरण, सामाजिक न्याय र समानताको संस्थागत विकासमार्फत् मुलुकलाई आर्थिक विकास र समृद्धिको बाटोमा अगाडि बढाउन राज्यका राजनीतिक तथा आर्थिक संस्थाहरू समावेशी र लोकतान्त्रिक मूल्य मान्यताले युक्त हुनु आवश्यक हुन्छ। साथै, राज्य सञ्चालनको जिम्मेवारीमा रहनुभएका सम्पूर्ण पात्र एवम् संस्थाहरूमा समेत लोकतान्त्रिक सोच, मनोवृत्ति र व्यवहार तथा लोकतान्त्रिक मूल्य मान्यताहरूको गहिरो रूपमा आन्तरिकीकरण भएमा मात्र मुलुकको राजनीतिक एवम् आर्थिक विकास र रूपान्तरण सम्भव हुन्छ।

अन्त्यमा, नेपालको संविधानले व्यवस्था गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न तथा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि क्रियाशील हुँदै अघि बढ्ने प्रेरणा यस दिवसले सबैलाई प्रदान गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

२०८२ फागुन ०७ गते, विहीवार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख